# कालिका पावर कम्पनी लिमिटेड

भरतपुर-१०, चितवन

फोन: ०५६-५१७१५८,०१-४५३०१५२

Email: info@kalikagroup.com, daraudikalikahydro@gmail.com, www.kalikapower.com.np

## विशेष साधारण सभा सम्वन्धि सुचना

**(प्रथम पटक प्रकाशित २०८०।०५।२९ गतेको आर्थिक दैनिक)**

यस कालिका पावर कम्पनी लिमिटेडको मिति २०८०।०५।२८ गते बसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३, को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान** :

**मिति : २०८०।०६।१३ गते (तदनुसार ३० सेप्टेम्बर २०२३) शनिबार**

**समय : अपरान्ह ११:०० बजे**

**स्थान : कम्पनीको रजिष्टर्ड कार्यलय, चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १०, भरतपुर चितवन ।**

**छलफलका विषयहरु**:

**क. विशेष प्रस्ताव:**

१. कम्पनीको नियमावलीको नियम २७ (२) संसोधन गर्ने ।

२. अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३. विविध ।

**विशेष साधारणसभा सम्बन्धी अन्य जानकारीहरू**

१. विशेष साधारण सभा प्रयोजनको लागि भाग लिने शेयरधनी वा प्रतिनिधि महानुभावहरुले सभा हुने स्थानमा राखिएको पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।

२. शेयरधनी महानुभाव वा प्रतिनिधिज्युहरुको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहनेछ ।

३. विषेश साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाणपत्र साथमा लिई सभामा भाग लिनुहुन अनुरोध छ ।

४. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत कित्तामा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्रै सभामा भाग लिन पाउनेछन् ।

६. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिर्ष्टड कार्यालय भरतपुर महानगरपालिका वडा नं. १०, चितवन वा कम्पनीको कर्पोरेट कार्यालय कालिका टावर बालुवाटार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

अध्यक्षज्युको आज्ञाले

कम्पनि सचिव